# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मितिः २०८२।१२।१५ गते ।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला धनकुटा, तांखुवा गाउँ विकास समिति वडा नं. ९ स्थित कि.नं. ३८२,३८३, ३८४ र ३८५ का सरकारी जग्गाहरू मिति २०६६/८/२१ को निर्णयले माधव बहादुर भट्टराईका नाममा मालपोत कार्यालयका कर्मचारीहरूसमेतको मिलेमतोमा दर्ता गराएको र सिफारिस दिएबापत गाउँ विकास समितिका सचिव भक्त बहादुर भट्टराईलाई कि.नं. ३८४ बाट कि.नं. १०९३ को ८ आना जग्गा उपलब्ध गराएको भन्नेसमेत व्यहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा मालपोत कार्यालय, धनकुटामा रहेको श्री ५ को सरकारको नामको मोठ पाना नं. २१९३ मा तांखुवा वडा नं. ९ को कि.नं. २४८, ३८५, २६० र ३०७ का कित्ता जग्गाहरू रातो मसीले कोरिएकोमा मालपोत कार्यालय, धनकुटाको मि.नं. ४ मिति २०७२/४/१२ को निर्णयले कि.नं. २४८, मि.नं. १२ मिति २०७३/५/२९ को निर्णयले कि.नं. २६० र मि.नं. २८ मिति २०८१/८/२१ को निर्णयले कि.नं. ३०७ यथावत कायम गरेको देखिएको। नापी फिल्डबुकमा जग्गाधनीको महल खाली भै पर्ती उल्लेख भएको सरकारी श्रेस्तामा रहेको कि.नं. ३८५ प्रचलित कानुन विपरीत अर्कै जग्गाको राजीनामा लिखत र साविक लगत भिडेको भनी छुट जग्गा दर्ता समितिको मिति २०६६/८/२१ को गलत निर्णयबाट माधव बहादुर भट्टराईको हकभोग हुने गरी दुषित दर्ता गरी श्रेस्ता पुर्जा कायम गरेको र उक्त जग्गा हाल ४ कित्तामा विभाजन गरी ब्यक्तिहरूमा हक हस्तान्तरण गरेको देखिएको।ऐ. कि.नं. ३८२, ३८३ र ३८४ को जग्गाको फिल्डबुक मिति २०३१/३/१७ मा तयार भएको देखिएको। उल्लिखित ३ वटै कित्ता जग्गाको जग्गाधनी महलमा जिल्ला ससरी ठेगाना भएका असम्बन्धित ब्यक्तिहरूको नाम उल्लेख भएको देखिने भए तापनि सोही बखत दर्ता बदर गरेको देखिएको। सरकारी जग्गा कि.नं. ३८५ सँगै जोडिएका यी जग्गाहरूको फिल्डबुक तयार गर्दा सरकारी संकेतसम्म पनि नराखी गलत ब्यक्तिको नाम राखेको देखिएको र दर्ता बदर गरेको अवस्थामा जग्गा नापजाँच ऐन, २०१९ को दफा ६ को बमोजिमको म्यादमा समेत कुनै अन्य ब्यक्तिले दावी नगरेको हाल यी जग्गा छुट दर्ता गराउने माधव बहादुर भट्टराई उक्त समयमा सोही स्थानमा रही सोही वडामा रहेको आफ्नो हकको कि.नं. ३९० समेतका जग्गा दर्ता गराएकोमा यी कित्तामा दावी समेत नगरेको देखिँदा यी माधव बहादुर भट्टराईले दुषित दर्ता गरी छुट जग्गा दर्ता प्रक्रियाबाट सरकारी जग्गा आफ्नो नाममा दर्ता गराएको स्पष्ट हुन आएको देखिएको। छुट जग्गा दर्ता गराउँदा लिइएका आधार मध्ये तत्कालीन गाउँ विकास समितिको कार्यालय, तांखुवाको हकभोगको सिफारिस सम्बन्धमा तत्कालीन गाउँ विकास समिति सचिव भक्त बहादुर भट्टराईले स्थलगत सर्जिमिन समेत नगरी, सिफारिसको लागि हेर्नुपर्ने फिल्डबुक समेत नहेरी मिति २०६६/१/२७ मा सिफारिस दिएको देखिएको। गाउँ विकास समितिका सचिवले छुट जग्गा दर्ता भई जग्गा दर्ता श्रेस्ता कायम भएकै दिन मिति २०६६/८/२२ मा निज दर्तावाल जग्गाधनीबाट कि.नं. ३८४ बाट क्षे.फ. ०-८-०-० जग्गा मूल्य रू.५०,०००/- थैली अंक राखी खरिद गरेको, खरिद गरेको रकमको श्रोत तथा आधार देखाउन नसकी विगतमा आफूले दिएको रकमबापत लिएको

हो भन्ने गोलमटोल बयान गरेको र सो जग्गा मिति २०७१/११/१८ मा निजले विक्री गरेको देखिएबाट रिसवतवापत उक्त जग्गा लिई सिफारिस दिएको पुष्टि हुन आएको देखिएको। छुट जग्गा दर्ता गर्नको लागि मालपोत कार्यालय, धनकुटाबाट र.नं. १३५५ मिति २०२७/३/८ को पारित राजीनामालाई आधार लिइएको, राजीनामा लिखत बमोजिमको जग्गा र जग्गाधनी समेत माधव भट्टराई उल्लेख नभएको देखिदा गलत प्रमाणलाई आधार मानेको, मोठ फाँटबाट निवेदकले छुट दर्ता माग गरेका जग्गाहरूमध्ये ऐ. कि.नं. ३८२,३८३,३८४ का जग्गाहरूको श्रेस्ता कायम भएको नदेखिएको, कि.नं. ३८५ को श्रेस्ता सरकारीमा देखिए पनि रातो मसीले केरिएको अवस्थामा देखिएको भनी तत्कालीन ना.सु. स्व. राम बहादुर सुवेदीले मोठ भिडाएको र रातो मसीले कोरिएको भनी छुट जग्गा दर्ता निर्णय बेहोरामा समेत उल्लेख भएको देखिएबाट उल्लिखित ४ वटै कित्ताको क्षेत्रफल सँग मेल नखाएको विषय अनदेखा गरी छुट जग्गा दर्ता गरेको कार्यले सरकारी हानिनोक्सानी भएकोले सरकारी जग्गा ब्यक्तिको नाममा छुट दर्ता गराउने कार्यमा प्रतिवादीहरूको मिलेमतोमा भ्रष्टाचार निवारण ऐन, २०५९ दफा ८ बमोजिमको कसुर पुष्टि भएको हुँदा उक्त कसुरजन्यकार्यमा संलग्न देहायका प्रतिवादीहरू उपर देहायबमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय**

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रू. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | मालपोत कार्यालय, धनकुटाका तत्कालीन कार्यालय प्रमुख **सुरेश थपलिया** | रू.६७,६८,०००/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज) बमोजिमको कसुरमा बिगो रू. सतसट्ठी लाख अड्सट्ठी हजार रूपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगोबमोजिमको जरिवानाको सजाय गरी बिगो असूल उपर हुन मागदाबी लिइएको छ। |
| २. | छुट जग्गा दर्ता समितिका सदस्य तथा तत्कालीन शाखा अधिकृत **टंक प्रसाद दुवाडी** | रू.६७,६८,०००/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज) बमोजिमको कसुरमा बिगो रू. सतसट्ठी लाख अड्सट्ठी हजार रूपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगोबमोजिमको जरिवानाको सजाय गरी बिगो असूल उपर हुन मागदाबी लिइएको छ। |
| ३. | छुट जग्गा दर्ता समितिका सदस्य तथा नापी कार्यालय, धनकुटाका तत्कालीन सर्भेक्षक **राजेन्द्र प्रसाद यादव** | रू.६७,६८,०००/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज) बमोजिमको कसुरमा बिगो रू. सतसट्ठी लाख अड्सट्ठी हजार रूपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगोबमोजिमको जरिवानाको सजाय गरी बिगो असूल उपर हुन मागदाबी लिइएको छ। |
| ४. | साविक तांखुवा गाउँ विकास समितिको कार्यालय, धनकुटाको तत्कालीन गाउँ विकास समिति सचिव **भक्त** | रू.६७,६८,०००/- र रू.१०,०००००/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज) बमोजिमको कसुरमा बिगो रू. सतसट्ठी लाख अड्सट्ठी हजार रूपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगोबमोजिमको जरिवानाको सजाय गरी बिगो असूल उपर हुन साथै निजले जग्गाको दर्ता |

| | | | |
|---|---|---|---|
| | **बहादुर भट्टराई** | | प्रयोजनका लागि गलत किटानी सिफारिस दिएको, उक्त सिफारिस दिएवापत घुस रिसवत स्वरूप जग्गा आफ्नो नाममा पारित गराएको पुष्टि हुन आएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा रिसवत वापत लिएको जग्गा विक्री गरी आर्जन गरेको रकम रू. दश लाख रूपैयाँ बिगो कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ङ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र सोही सोही ऐनको दफा ३ को उपदफा (१) बिगो बमोजिम जरिवाना गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) तथा भ्रष्टाचार निवारण ऐन, २०५९(संशोधन सहित) को दफा ३(१क) बमोजिम बिगो जफत हुन समेतको मागदाबी लिइएको छ। |
| ५. | मालपोत कार्यालय, धनकुटाका तत्कालीन नायब सुब्बा **छविलाल फूयल** | रू.६७,६८,०००/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज) बमोजिमको कसुरमा बिगो रू. सतसट्ठी लाख अड्सट्ठी हजार रुपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगोबमोजिमको जरिवानाको सजाय गरी बिगो असूल उपर हुन साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन मागदाबी लिइएको छ। |
| ६. | छुट जग्गा दर्ता गर्ने जग्गाधनी **माधव बहादुर भट्टराई** | रू.६७,६८,०००/- र रू.१०,०००००/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज) बमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य गैरकानूनी लाभ प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुरजन्य कार्य भएको हुँदा मुख्य कसुरदारहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज) बमोजिमको कसुरमा बिगो रू. सतसट्ठी लाख अड्सट्ठी हजार रुपैयाँ बिगो कायम गरी सोही ऐनको ८ को उपदफा (१) बमोजिम हुने सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाँक्याश बमोजिम मुख्य कसुरदार सरह सजाय हुन साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिमको कसुरमा सोही उपदफा (३) ले निर्देश गरेबमोजिम जग्गा विक्री गरी आर्जन गरेको रकम रू. दश लाख रुपैयाँ बिगो कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ङ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र सोही सोही ऐनको दफा ३ को उपदफा (१) बिगो बमोजिम जरिवाना हुन तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरजन्य कार्यको नगद |

| | | | |
|---|---|---|---|
| | | | तथा अन्य गैरकानुनी लाभ प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुरजन्य कार्य भएको हुँदा मुख्य कसुरदारहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको १९ को उपदफा (२) बमोजिम हुने सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाँक्याश बमोजिम मुख्य कसुरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |
| ७. | हालको जग्गाधनीहरू **खगेन्द्र बहादुर थापा, हिमादेवी बस्नेत, ज्ञान कुमारी मगर, मित्र बहादुर मगर, अम्बर बहादुर मगर, पदम बहादुर सिजाली, निर्मला घिमिरे, ईन्द्र बहादुर मगर र स्व.पूर्ण बहादुर थापाको हक सकार गर्ने गजेन्द्र थापा** | - | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ४७ को उपदफा (१) बमोजिम जग्गा जफत हुन मागदाबी लिइएको छ। |

सहायक प्रवक्ता
गणेश बहादुर अधिकारी